# स्वास्थ्यका लागि सक्षम प्रणाली अन्तक्रिया कार्यक्रम सम्पन्न

अमेरिकी विकास सहयोग नियोग **(USAID)** को आर्थिक सहायता तथा एब्ट एसोसिएटस्, सेभ द चिल्डेन, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, म्यानेजमेन्ट सर्पोट सर्भिसेज को साझेदारीमा मिति २०७५ साल चैत्र २४ गते चौकुने गाउँपालिकामा एक कार्यक्रम विच अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष श्री धीर बहादुर शाही, उपाध्यक्ष श्री निर्मला मगर, स्वास्थ्य संयोजक श्री इन्द्र बहादुर जैसुरी, आयोजक संस्थाका स्वास्थ्य प्रणाली सुदृढिकरण प्राविधिक अधिकृत श्री राम हरि अधिकारी, स्वास्थ्य सुचना प्रणाली प्राविधिक अधिकृत श्री याङ्जी सेर्पा र मातृशिशु स्वास्थ्य र परिवार नियोजन प्राविधिक अधिकृत श्री कमला जैसी लगायतको उपस्थितिमा कार्यक्रम भव्य रुपमा सम्पन्न भएको हो ।

प्रजनन् उमेर महिला, गर्भवती र सुत्केरी महिला, पाँच बर्षमुनिका बालबालिका, जवजात शिशु, अल्पसँख्यक र पिछडीएको समुदायका साथै परिवार नियोजनको लागि युवा र पुरुषहरुको संलग्नता लाई विशेष प्राथमिकता दिइने आयोजक संस्थाले बताउनु भयो । उक्त कार्यक्रममा चौकुने गाउँपालिकाको समग्र स्वास्थ्य अवस्थाको बारेमा लेखाजोखा गरियो र यस गाउँपालिका अन्तर्गत १० ओटै वडामा रहेको स्वास्थ्य संस्थामा पनि लेखाजोखा गरिने आयोजना संस्थाका प्रतिनिधीश्री राम हरि अधिकारीले बताउनु भयो ।

कार्यक्रममा चौकुने गाउँपालिकाका अध्यक्ष श्री धीर बहादुर शाहीलेस्वास्थ्य सेवाको पहुँच र समानुपातिक उपभोगमा सुधार ल्याउने, स्वास्थ्य संस्था र समुदायमा प्रदान गरिने सेवाको गुणस्तर सुधार गर्ने, संघियतामा हुने परिवर्तनहरुको सन्दर्भमा स्वास्थ्य सेवा प्रणालीको सुशासनमा सुधार ल्याउने मूख्य उद्धेश्य रहेको स्वास्थ्यको लागि सक्षम प्रणाली कार्यक्रमलाई चौकुने गाउँपालिकामा लागु गर्नका लागि लगानी मैत्री वातावरण सिर्जना गर्न चौकुने गाउँपालिका लागिरहेको बताए ।


प्रेस सहयोगी

**नन्दाराम खनाल**

चौकुने गाउँपालिकाको कार्यालय

गुटु, सुर्खेत